# बुटवल पावर कम्पनी लिमिटेड
## बुद्धनगर, बानेश्वर, काठमाण्डौ
## २७औं वार्षिक साधारण सभाको कार्यवाही तथा निर्णयहरु

(क) **पृष्ठभूमि:**

यस बुटवल पावर कम्पनी लिमिटेडको २७औं वार्षिक साधारण सभा मिति २०७६।०९।२४ ( तद्नुसार जनवरी ९, २०२०) बिहिवार दिनको ११:०० बजे बबरमहल, काठमाण्डौ स्थित कार्की ब्याङक्वेटमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा बस्यो ।

संचालक समितिका अध्यक्ष एवं सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु, पर्यवेक्षक तथा आमन्त्रित सवै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले २७औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

(१) **सभा सम्बन्धी सूचना र प्रकाशन :**

२७औं वार्षिक साधारण सभाको सूचना र छलफल हुने प्रस्तावहरुको सूची तथा कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरुको जानकारीका लागि मिति २०७६।९।२ र मिति २०७६।९।३ मा कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । सो सूचना, संक्षिप्त आर्थिक विवरणहरु तथा वार्षिक प्रतिवेदन शेयरधनीहरुको सुविधाको लागि कम्पनीको वेभ साईट www.bpc.com.np मा समेत हेर्न मिल्ने व्यवस्था गरिएको थियो । साथै, सो संक्षिप्त आर्थिक विवरण कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, बानेश्वर तथा शेयर रजिष्ट्रार एनएमवी क्यापिटल लि., नागपोखरी, काठमाण्डौबाट वितरणको व्यवस्था गरिएको थियो ।

२७औं वार्षिक साधारण सभाको सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, सिडिएस तथा क्लियरिङ लि. तथा नेपाल स्टक एक्सचेन्ज लि.मा समेत जानकारी गराइएको थियो ।

(२) **उपस्थिति :**

अ) **संचालक समिति:**

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. श्री विजय कृष्ण श्रेष्ठ | संचालक |
| ४. श्री ओम प्रकाश श्रेष्ठ | संचालक |
| ५. श्री संदीप कुमार देव | संचालक |
| ६. डा. सन्दीप शाह | संचालक |
| ७. श्री दिनेश हुमागाँई | संचालक |
| ८. श्री तिर्थमान शाक्य | स्वतन्त्र संचालक |
| ९. श्री विजय बहादुर श्रेष्ठ | वैकल्पिक संचालक |
| १०. श्री हरि ब. बुढाथोकी | कम्पनी सचिव |

आ) व्यवस्थापन:

| | |
|---|---|
| १. श्री उत्तर कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री राधेश्याम श्रेष्ठ | भाईस प्रेसिडेण्ट- वित्त |
| ४. श्री टीकाराम भट्ट | भाईस प्रेसिडेण्ट- कर्पोरेट |
| ५. श्री प्रतिक मान सिंह प्रधान | भाईस प्रेसिडेण्ट- आयोजना तथा व्यवसाय विकास (हाल एससीआईजीमा काजमा कार्यरत्) |
| ६. श्री प्रकाश कुमार श्रेष्ठ | प्रमुख- उत्पादन |
| ७. श्री गणेश प्रसाद खनाल | प्रमुख प्रवन्धक- आयोजना तथा व्यवसाय विकास |

इ) शेयरधनीहरु:

साधारण सभामा शेयर दाखिल खारेज बन्द हुँदाको मितिमा कायम कुल शेयरधनीहरु मध्ये १४१७ जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

## (ख) गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व:

| विवरण | जम्मा संख्या | उपस्थिति संख्या |
|---|---|---|
| शेयर कित्ताका हिसावले उपस्थिति | २,४४,०५,५५४ कित्ता | १,४३,७२,३३२ कित्ता |
| उपस्थित शेयरधनीहरु | ७२,४३२ जना | १४१७ जना |

## (ग) सभाको वैधानिकता:

कम्पनी सचिवले कम्पनी ऐन, २०६३ अनुसार बिधिपूर्वक वार्षिक साधारण सभा बोलाइएको, शेयरधनीहरुलाई सभाको सूचना तथा जानकारीहरु दिइएको तथा सभा संचालन गर्नका लागि निर्दिष्ट गणपूरक संख्या समेत पुगेको जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । शेयरधनीहरुले कम्पनीको २७औं वार्षिक साधारण सभाका लागि गणपूरक संख्या पुगेको र सभा रितपूर्वक बोलाईएको ठहर गरीसाधारण सभाको कार्यवाही अगाडि बढाइएको थियो ।

कम्पनी सचिवले २७औं वार्षिक साधारण सभामा छलफल हुने प्रस्तावहरुको सूची तथा प्रस्तावको व्यहोरा शेयरधनीहरु समक्ष प्रस्तुत गर्नुभयो । साधारण सभाले सो सूचीमा समावेश भएका प्रस्तावहरु छलफल तथा निणर्यका लागि स्वीकृत गऱ्यो ।

## (घ) सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुति:

संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूले संचालक समितिको प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो । सो पश्चात् अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले संचालक समितिको प्रतिवेदन तथा कम्पनीको वित्तिय विवरण लगायतका प्रस्तावहरुको सूचीमा समावेश भएका विषयहरुमा छलफल गर्नका लागि शेयरधनीहरुलाई अनुरोध गर्नु भएको थियो । शेयरधनीहरु श्री अमृत नाथ रेग्मी, श्री रत्न संसार श्रेष्ठ, श्री उमेश कुमार रेग्मी, श्री माधव प्रसाद सिंखडा, श्री शाश्वत पाठक, श्री कृष्ण प्रसाद अधिकारी तथा श्री गुणराज भट्टले

संचालक समितिको प्रतिवेदन तथा आ.व. २०७५।०७६ को बित्तिय विवरणहरु उपर देहायका सुझाव, टिप्पणी तथा जिज्ञासा राख्नु भएको थियो ।

- शेयरधनीहरुलाई १८% नगद लाभांश तथा १०% बोनस शेयर वितरण गर्न लागिएको, समयमै बार्षिक साधारण सभा बोलाइएको र कम्पनीको वार्षिक प्रतिवेदन बृहदरुपमा प्रकाशित गरी कम्पनीका समग्र बस्तुस्थिती तथा संस्थागत सुशासनको अवस्थाका विषयमा जानकारी गराइएको भनी सह्राना गर्दै विशेष धन्यवाद दिनु भयो ।
- जलविद्युत आयोजनाहरु निश्चित् समय पश्चात् हस्तान्तरण गर्नु पर्ने भएवाट कम्पनीको दिर्घकालिन हितलाई ध्यानमा राखी शुरु देखीनै उपयुक्त रणनीति अख्तियार गर्नका लागि सुझाव दिनु भयो । सो रणनीति अर्न्तगत नदीको बहावमा आधारित आयोजनाहरुको सट्टा स्टोरेज आयोजनाहरुको निर्माण तर्फ अघि बढ्नु उपयुक्त हुने समेत सुझाव दिनु भयो ।
- खिम्ती जलविद्युत आयोजनाको स्वामित्व सम्बन्धी ५०% हित सन् २०२० जुलाई पश्चात् नेपाल विद्युत प्राधिकरणलाई हस्तान्तरण गर्नु पर्ने भएवाट कम्पनीको लाभांश आम्दानी स्वतः कम हुन जाने देखिएको हुँदा आगामी बर्षको रणनीति के हुने हो भनी जिज्ञासा राख्नु भयो । साथै, उक्त आयोजनावाट बाहिरिने समय आएको हो कि भन्ने जिज्ञासा समेत राख्नु भयो ।
- कम्पनी ऐन, २०६३ ले एक जना महिला संचालक हुनु पर्ने व्यवस्था भएको हुँदा सोही बमोजिम गर्नका लागि सुझाव दिनु भयो ।
- कम्पनीले इन्जिनियरिङ व्यवस्थापन तथा उपकरणहरुको उत्पादन एवं मर्मत संभारको क्षेत्रमा समेत अलग्गै व्यवसायिक इकाई गठन गरी व्यवसायलाई विस्तार गर्न उपयुक्त हुने सुझाव दिनु भयो ।
- कम्पनीले पूँजी संरचनालाई बढाउँदै लैजाने र नयाँ नयाँ आयोजनाहरुमा लगानी विस्तार गर्ने, पुँजी संरचनालाई अझ खुकुलो र फराकिलो बनाउने र कम्पनीले अन्य कम्पनीमा लगानी गर्दा होल्डिङ गर्ने भन्दा व्यवस्थापन तर्फ बढी जोड दिने रणनीति अख्तियार गर्नु उपयुक्त हुने सुझाव दिनु भयो ।
- नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि.संगको विवादमा दुबै पक्षहरु तर्फको खर्च भएको र नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि. एक्लैको रु. २० लाख भन्दा बढी खर्च भएको अवस्था रहेको र अन्तत साविककै अवस्थामा फर्किने गरी मिलापत्र समेत भएको हुँदा यस्ता विषयलाई समयमै विचार गर्नका लागि सुझाव दिनु भयो ।
- कम्पनीले मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि.को सबै शेयरहरु खरिद गरी चिनिया साझेदारहरुलाई हस्तान्तरण गर्न लागेको र तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना समेत आयोजना कम्पनी स्थापना गरी सो कम्पनीमा हस्तारण गर्न लागिएको हुँदा त्यसवाट कम्पनीलाई नाफा घाटा के हुने हो स्पष्ट गरिदिनका लागि अनुरोध गर्नु भयो ।
- मर्स्याङदी क्यासकेड आयोजनाहरुको निर्माण कार्यलाई यथासिघ्र शुरु गर्नका लागि सुझाव दिनु भयो ।
- कावेली ए जलविद्युत आयोजनाको कर्जा प्रवाह करीव एक वर्ष देखी प्रभावित भएको देखिन्छ भने अर्को तर्फ नेपाल सरकारलेनै उक्त आयोजनालाई डुवानमा पार्ने गरी नयाँ स्टोरेज आयोजना अघि बढाएको देखिन्छ । यस्तो अवस्थामा नेपाल सरकारले कावेली ए जलविद्युत आयोजना अघि नबढाउने मनशाय देखाएको हो भने कम्पनीले सो को क्षतिपूर्ति लिने तर्फ विचार गर्नु उपयुक्त हुने सुझाव दिनुभयो ।

- न्यादी जलविद्युत आयोजनाको प्रशारण लाईनको सम्बन्धमा केही समस्या रहेको तथ्य प्रतिवेदनमानै उल्लेख भएको सन्र्दभमा सो समस्यालाई विशेष ध्यान दिएर सम्बोधन गर्ने तर्फ उपयुक्त कदम चाल्नका लागि सुझाव दिनु भयो ।
- कम्पनीको अन्य वित्तिय सम्पत्तिहरु शिर्षकमा एस.सी.पावर कम्पनी प्रा.लि. र निजको शेयरधनीहरुलाई दिएको रकम उल्लेख भएको हुँदा सो सम्बन्धमा स्पष्ट पार्नका लागि अनुरोध गर्नु भयो ।
- खुदी हाइड्रोपावर लि.को घोषित लाभांश वितरणमा भएको ढिलाई तथा जुम्दी आयोजनामा भएको शेयर लगानी अपलेखन गरिएको विषयमा स्पष्ट गरिदिन अनुरोध गर्नु भयो ।

छलफलमा भाग लिने शेयरधनीहरुले आफ्नो राय, प्रतिकृया तथा सुझावहरु राख्ने कार्य सम्पन्न भए पछि शेयरधनीले उठाएका जिज्ञासाहरु उपर संचालक समितिको तर्फबाट भनाई राखिदिन कम्पनी सचिवले अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनीहरुलाई सभामा सक्रियरुपमा सहभागी भई व्यक्त गर्नु भएका विचार तथा सल्लाह सुझाव एवं कम्पनीको संचालक समिति प्रति देखाएको विश्वासका लागि धन्यवाद दिनु भयो । अध्यक्षज्यूले तथा उहाँको अनुमति लिएर प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुका सुझाव तथा जिज्ञासाहरुका सम्वन्धमा निम्न अनुसार स्पष्ट पार्नु भएको थियो:

(१) शेयरधनीहरुलाई लाभांश वितरण गर्दा कम्पनीको दिर्घकालिन हित, शेयरधनीहरुको तात्कालिन अपेक्षा एवं नगद तथा बोनस शेयरको समुचित सन्तुलन समेतलाई ध्यानमा राखी गर्ने गरिएको छ । आगामी दिनहरुमा पनि कम्पनीको आम्दानी, नगद प्रवाहको स्थिती, लगानीको आवश्यकता, शेयरधनीहरुको अपेक्षालाई विचार गरी कम्पनीको दिर्घकालिन हितलाई केन्द्रमा राखेरनै संचालक समितिले यस सम्बन्धमा उपयुक्त निर्णय गर्दै जानेछ । यसै बीचमा कम्पनीको पूँजी बढाएर लैजानु पर्ने भन्ने सुझाव पनि प्राप्त भएको हुँदा सो तर्फपनि संचालक समितिले लगानीको आवश्यकता अनुरुप ध्यान दिदै जानेछ ।

(२) खिम्ती प्रथम आयोजनामा निहित स्वामित्व सम्बन्धी हितको पचास प्रतिशत हिस्सा नेपाल विद्युत प्राधिकरणलाई विद्युत खरिद बिक्री सम्झौताको शर्त अनुरुप हस्तान्तरण हुँदा यस कम्पनीको वित्तिय सूचकहरुमा समेत प्रभाव पर्नु स्वाभाविकै हो । सन् २०२० को जुलाईमा सो हस्तान्तरण गर्ने तथा सो पश्चात् अनुमतिपत्र अनुसारको बाँकी अवधिका लागि विद्युत खरिद बिक्री सम्झौता गर्ने लगायतका विषयमा आयोजना कम्पनी हिमाल पावर लि.ले आवश्यक गृहकार्य गर्नुको साथै नेपाल विद्युत प्राधिकरणसंग वार्ता छलफल गरिरहेको छ । यस कार्यका लागि बहुमत शेयरधनीका हिसावले स्टाटक्राफ्ट ए.एस., नर्वेले नेतृत्व गरिरहेको छ । अल्पमत शेयरधनीको रुपमा रहेको भएपनि यस कम्पनीले हिमाल पावर लि.लाई दिनु पर्ने सुझावहरु दिदै आएको छ । उक्त आयोजना प्राविधिकरुपमा राम्रो आयोजना बनेको हुँदा अहिले आएर त्यसवाट बाहिरिने भन्ने कुनै योजना रहेको छैन र निरन्तरता दिनुनै बुद्धिमानी हुने ठानिएको छ । त्यसैगरी, नयाँ नयाँ आयोजनाहरु थप गर्ने रणनीति कम्पनीले अख्तियार गरेको छ, यसवाट शेयरधनीहरुको दिर्घकालिन हित सुरक्षित हुने विश्वास लिइएको छ ।

(३) महिला संचालक नियुक्ति सम्बन्धमा कम्पनी ऐन, २०६३ को व्यवस्था अनुरुपनै २६औं बार्षिक साधारण सभामा नियुक्तिका लागि प्रयास गरिएकोमा उमेद्वारी दिनु हुने महिला शेयरधनीले आफ्नो उमेद्वारी फिर्ता लिएका कारण रिक्त संचालकको पदहरुमा पुरुष शेयरधनीहरुनै नियुक्त हुनु भएको थियो ।

(४) जहाँ सम्म इन्जिनियरिङ व्यवस्थापन तथा उपकरणहरुको उत्पादन एवं मर्मत संभारको क्षेत्रमा समेत अलग्गै व्यवसायिक इकाई गठन सम्बन्धमा, यस कम्पनीको सहायक कम्पनी हाइड्रो-कन्सल्ट इन्जिनियरिङ लि.ले स्वदेश तथा विदेशमा समेत इन्जिनियरिङ परामर्श सेवा प्रदान गर्दै आएको छ र देश भित्रको एक प्रमुख तथा विश्वसनीय इन्जिनियरिङ कम्पनीको रुपमा स्थापित भईसकेको छ । त्यसैगरी उपरकरणको उत्पादन तथा मर्मत संभारका लागि सहायक कम्पनी नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि. रहेको छ । यद्यपी, यस कम्पनीले आशातितरुपमा काम गर्न तथा उपलब्धी हासिल गर्न सकेको छैन । सो कम्पनीको संचालक समितिमा अन्य शेयरधनीहरुवाट नियुक्त संचालकहरुको बहुमत भएको र बहुमत संचालकहरुले यस कम्पनीको हितको प्रतिकुल हुने निर्णय लिन खोजेका कारण संचालकहरुसंग विवाद हुन गई मुद्दा मामिला गर्नु पर्ने सम्मको अवस्था सृजना भयो । सो विवाद हाम्रै सहकर्मी संचालकहरुको पहलमा मिलापत्र गरी अन्त्य भएको छ । कम्पनीको प्रवन्धपत्र, नियमावली एवं शेयरधनीहरु बीचको सम्झौता अनुसार गर्ने तथा विवाद हुनु भन्दा अघिको अवस्थामा पुगेर सो कम्पनीलाई संचालन गर्ने सहमति भई मिलापत्र भएको छ । जहाँ सम्म मुद्दामा भएको खर्चका विषयमा हामीले मितव्ययिता अपनाएका थियौं र नेपाल हाइड्रो तथा इलेक्ट्रिक लि.ले गरेको खर्चको तुलानामा कम रहेको छ ।

(५) मर्स्याङदी क्यासकेड आयोजनाहरुलाई प्राथमिकताका साथ अघि बढाइएको छ । कम्पनीले चिनिया साझेदारहरुलाई बिक्री हस्तान्तरण गरिने शेयरहरु कम्पनीलाई फाईदा हुने गरी गरिने छ । शेयरको मूल्य लगायतका विषयमा नियमक निकायको स्वीकृति लिई कारोवार हुँदाको बखत सबै शेयरधनीहरुलाई जानकारी गराइने छ । हाल मर्स्याङदी क्यासकेड आयोजनाहरुको मूख्य प्राथमिकता बिद्युत खरिद बिक्री सम्झौता तथा हेजिङ सम्बन्धी व्यवस्थामा स्पष्टता ल्याउनु रहेको छ । आयोजनाहरुलाई संभाब्य बनाउन तथा लगानीकर्तालाई समुचित प्रतिफलको सुनिश्चितताका लागि ती पक्षहरुको महत्वपूर्ण भूमिका रहन्छ । उल्लेखित आयोजनाहरुको निर्माणको गुणस्तर, लागत तथा समय तालिका विषयमा समुचित ध्यान दिइने छ ।

(६) जहाँ सम्म कावेली ए जलविद्युत आयोजनाको सम्बन्धमा, सो आयोजना अन्तराष्ट्रिय प्रतिश्पर्धावाट विश्व बैंक समेतको सरल कर्जा सुविधा हुने भन्ने नेपाल सरकारको प्रस्तावका आधारमा लिइएको थियो । यस आयोजनाको आयोजना विकास सम्झौता हुनका लागि करीव पाँच वर्ष लाग्न गएको, नेपाल सरकार तथा सरकारी निकायहरुवाट प्राप्त हुनु पर्ने स्वीकृतिहरु प्राप्त हुन धेरै समय लाग्न गएको, विश्व बैंकवाट प्राप्त हुने सरल कर्जा सुविधाको सम्बन्धमा भएको सम्झौता कार्यान्वयनको संयन्त्र तय गर्न नेपाल सरकारको तर्फवाट ढिलाई भएको, अन्तराष्ट्रिय वित्त निगमसंग भएको कर्जा सम्झौता स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा करीव दुई वर्षको समय

लागेको कारण निश्चित्रुपमा यस आयोजनाको कार्य प्रभावित भएकै हो । त्यसकै परिणामस्वारुप विश्व बैंकसंगको कर्जा सुविधा सम्झौता अनुसार कर्जाको किस्ता लिई सक्नु पर्ने मिति भित्र किस्ता लिन नसकिएको र सो को समयवधी गत डिसेम्वरमा समाप्त भएको थियो । सो अवधी थप गर्नका लागि आयोजना कम्पनीले नेपाल सरकारमा आठ महिना अघिनै दिएको निवेदन हालसम्म नेपाल सरकार समक्ष विचाराधिन रहेको छ । अर्को तर्फ नेपाल सरकारले यस आयोजनालाई डुवानमा पार्ने गरी नयाँ स्टोरेज आयोजना बनाउने योजना अघि सारेको पनि देखिन्छ । यस्तो अवस्थामा नेपाल सरकारले उपयुक्त निर्णय लिनु आवश्यक छ । देशको बृहद हितका लागि यस आयोजनाको निर्माण रोकेर स्टोरेज आयोजनालाई अघि बढाउने नेपाल सरकारको योजना हो भने पनि हामी त्यसका लागि बाधक बन्दैनौ, बरु क्षतिपूर्ति लिएर नेपाल सरकारलाई सहयोग गर्ने तर्फ सोच्न सकिन्छ । तर, जुन हिसावले काम भई रहेको छ, स्टोरेज आयोजना निकट भविष्यमा आउनेमा विश्वास गर्न सकिने आधार पनि देखिदैन । अर्को तर्फ काम सन्तोषजनक नभएका कारण सिभिल तथा हाइड्रोमेकानिकल कार्यहरुको ठेक्कासमेत ऋणदाता तथा आयोजना कम्पनीको इन्जिनियरको सिफारिसमा अन्त्य गरिएको र सो पश्चात् ठेकेदार संग भएको विवाद समेत आयोजनाको कार्यलाई यथासिघ्र अघि बढाउने ध्येयले सहमतिमा समाधान गरिएको छ । अवको रणनीति भनेको नेपाल सरकार तथा सरकारी निकायहरुवाट भएको ढिलाईका कारण कावेली ए जलविद्युत आयोजना र यसका लगानीकर्ता दण्डित हुनु हुँदैन भन्नेनै हो । यस सम्बन्धमा नेपाल सरकारको अर्थ मन्त्रालय तथा उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयमा फलोअप भईरहेको छ ।

(७) खुदी हाइड्रोपावर लि.वाट लाभांश रकम प्राप्त हुनमा ढिलाई हुनुको मुख्य कारण बाढीले गर्दा खुदी जलविद्युत आयोजनामा मर्मत संभारको कार्य गर्नु परेको हुनाले नगद प्रवाहमा असर पर्न गई ढिलाई भएको हो । सो रकम छिट्टै प्राप्त हुनेछ । त्यसैगरी, जुम्दी खोला जलविद्युत आयोजनामा गरिएको शेयर लगानी अपलेखन गर्नु पछाडि मूलतः उक्त आयोजनाको अनुमतिपत्र प्राप्त भएको लामो समय देखी निर्माण कार्य प्रारम्भ नभएका कारण सो आयोजना वित्तियरुपमा संभाव्य नभएर हो । यदी, उक्त आयोजनाको निर्माण भई संचालनमा आएमा उक्त शेयर लगानीमा कम्पनीको दावी यथावत रहिरहनेछ ।

(८) कम्पनीको आ.व. २०७५।०७६ को वित्तिय विवरणमा अन्य वित्तिय सम्पत्ति शिर्षकमा उल्लेख भएको एस.सी पावर प्रा.लि. र यसका मुख्य शेयरधनी श्री हरिश्चन्द्र शाहलाई दिइएको रकम तिला १ र तिला २ जलविद्युत आयोजनाहरु प्राप्त (एक्वेयर) गर्नका लागि चिनिया साझेदारहरु समेतको छलफल तथा विश्वासमा दिइएको थियो । तर, सो आयोजनाहरुको प्रशारण लाईनको स्पष्टता नभएको र निज शाहले आफ्नो प्रतिवद्धता गरे अनुसार आयोजना सम्बन्धी अन्य कार्यहरु गर्न नसकेका कारण उक्त आयोजनाहरु नलिने भनी निज शाहलाई जानकारी गराई सकिएको छ र निजहरुलाई दिइएको रकम समेत असुलीका लागि आवश्यक प्रक्रियाहरु समेत प्रारम्भ गरिएको छ ।

शेयरधनीहरुबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्वन्धमा स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले साधारण सभाको विषयसूचीमा उल्लेख भए बमोजिम प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नु भयो ।

(ङ) <u>निर्णयहरु:</u>

**(क) सामान्य प्रस्तावहरु:**

(१) साधारण सभा समक्ष प्रस्तुत संचालक समितिको वार्षिक प्रतिवेदन सर्वसम्मतिबाट पारित भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७५।०७६ को वित्तिय विवरणहरु सर्वसम्मतिवाट पारित भयो ।

(३) लेखापरीक्षण समितिको सिफारिस वमोजिम सी.एस.सी. एण्ड कम्पनी, काठमाण्डौलाई कम्पनीको आ.व. २०७६।०७७ को वित्तिय लेखापरीक्षण, कर लेखापरीक्षण तथा कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून अनुसार आवश्यक पर्ने प्रमाणिकरण लगायतका कार्य गर्नका लागि कम्पनीको लेखापरीक्षकमा नियुक्त गर्ने र सो कार्यको लागि निजको सेवा शूल्क रु ४,००,००० (चार लाख रुपैयाँ) मुल्य अभिवृद्धि कर, वाह्य भत्ता तथा यातायात खर्च बाहेक (Excluding of VAT, out-station allowance and travel expenses) निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिवाट पारित भयो ।

(४) कम्पनीको २७औं वार्षिक साधारण सभाको निमित्त शेयर दाखिल खारेज बन्द भएको मिति भन्दा अघिल्लो दिनमा कायम शेयरधनीहरुलाई आ.व. २०७५।०७६ को खुद नाफावाट चुक्ता पूँजीको १८ (अठार) प्रतिशत नगद लाभांश वितरण गर्ने र सो लाभांश रकम कम्पनीको आ.व. २०७५।०७६ को लाभांश आम्दानीबाट वितरण गर्ने र सो क्रममा बोनस शेयर राउण्ड अफ गर्दा हुने समायोजनलाई समेत गणना गरी वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

(५) संचालकहरुको भत्ता तथा अन्य सुविधाहरु छ वर्ष अघि कम्पनीको २१औं बार्षिक साधारण सभाले पुनरावलोकन गरेकोमा सूचिकृत कम्पनीहरुको संस्थागत सुशासन निर्देशिका, २०७४ समेतले निर्दिष्ट गरेका शर्तहरु एवं प्रचलित बजार अवस्था समेतलाई ध्यानमा राखी देहाय बमोजिम संचालकहरुको भत्ता तथा अन्य सुविधाहरु निर्धारण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

| विवरण | रकम रु. |
|---|---|
| संचालक समिति तथा यस अर्न्तगत गठित समितिको बैठक भत्ता वापत | १०,००० प्रति बैठक |
| सूचना तथा संचार प्रविधी भत्ता | ५,००० प्रति महिना |
| यातायात भत्ता | १०,००० प्रति महिना अध्यक्षका लागि ८,५०० प्रति महिना अन्य संचालकहरुका लागि । |
| कुनै संचालकलाई विशेष कार्यको जिम्मा दिए वापत | जिम्मा दिइएको कार्यको प्रकृति तथा सेवा शर्तहरु अनुसार संचालक समितिले उपयुक्त ठहर गरे बमोजिम । |
| दैनिक तथा भ्रमण भत्ता | कम्पनीको कामको सिलसिलामा भ्रमण गर्दा भएको बास्तविक खर्च । तर, विदेश भ्रमणमा |

| | |
|---|---|
| | भारत बाहेक अन्य राष्ट्रमा भ्रमण गर्दा खानाको लागि १५० अमेरिकी डलर वा बास्ताविक खर्च रकम मध्ये कुनै एक रकम भ्रमण गर्ने संचालकलाई उपयुक्त लागे बमोजिम । |
| अन्य सुविधाहरु | बीमा (जी.पी.ए., औषधोपचार एवं अन्तराष्ट्रिय भ्रमणको लागि) संचालक समितिले निर्णय गरे वमोजिम । |

**(ख) विशेष प्रस्तावहरु:**

(१) बोनस शेयर (फ्याक्सनलाई समेत राउण्ड अफ गरी) जारी गर्ने प्रयोजनका लागि कम्पनीको हालको चुक्ता पूँजी बृद्दि गरी रु. २,६८,३८,८१,८०० पुऱ्याउने र सो प्रयोजनका लागि कम्पनीको प्रवन्धपत्रको दफा ५(ख) मा निम्न वमोजिम संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

"५ कम्पनीको शेयरपूँजी:
(ख) कम्पनीको जारी पूँजी रु. २,६८,३८,८१,८०० (दुई अरव अठ्साठी करोड अठ्तिस लाख एकासी हजार आठ सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका २,६८,३८,८१८ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।"

यसको तीन महले प्रस्ताव तथा संशोधित व्यवस्था अनुसूची १ र अनुसूची २ मा संलग्न रहेको छ । साथै, उक्त पारित विशेष प्रस्तावहरु कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गर्दाको अवस्थामा कुनै हेरफेर वा संशोधन गर्न आवश्यक भएमा सो गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिले पारित गऱ्यो ।

(२) आ.व. २०७५।०७६ को मुनाफा तथा संचित मुनाफा (लाभांश आम्दानीको हिस्सा) वाट चुक्ता पूँजीको १०% (दश प्रतिशत) बोनस शेयर जारी गर्ने र सो गर्दा बोनस शेयरको संख्यामा आउने दशमलव पछिको अंकलाई राउण्ड अफ गरी नगद लाभांशमा समायोजन गरी वितरण गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(३) कम्पनीले आ.व. २०७५।७६ मा विभिन्न व्यक्तिहरुलाई दिएको आर्थिक सहयोग रकम रु. २,०४,००० अनुमोद गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(४) तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनालाई यस आयोजना भन्दा माथि तथा तलका आयोजनाहरुसंगै क्यासकेड अवधारणामा स्रोतको अधिकतम उपयोग हुनेगरी तथा सो आयोजनाहरुवाट हुने उत्पादन बढाउने गरी विकास गर्न SCIG International Limited, Hong Kong; Xingcheng International Investment Co. Limited, Hong Kong; QYEC International Co. Limited, Hong Kong; and S.C.I.G. International Nepal Hydro Joint Development Company Private Limited, Nepal संगको संयुक्त लगानीमा आयोजना कम्पनी स्थापना गरी सो कम्पनीमा उक्त आयोजनाको उत्पादन अनुमतिपत्र लगायत संम्पत्ति एवं दायित्वहरु हस्तान्तरण गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

५. कम्पनीको नाममा रहेको मनाङ मर्स्याङदी हाइड्रोपावर कम्पनी प्रा.लि.को ८०.६% शेयर मनाङ मर्स्याङदी जलविद्युत आयोजनालाई यस आयोजना भन्दा तलका दुई आयोजनाहरुसंग क्यासकेड अवधारणामा स्रोतको अधिकतम उपयोग हुने गरी तथा सो आयोजनाहरुवाट हुने उत्पादन बढाउने गरी विकास गर्न हाल कम्पनीको नाममा ८८५,९६० कित्ता शेयरहरु रहेकोमा ७१४,०८४ कित्ता (८०.६%) शेयरहरु SCIG International Limited, Hong Kong; Xingcheng International Investment Co. Limited, Hong Kong; QYEC International Co. Limited, Hong Kong; and S.C.I.G. International Nepal Hydro Joint Development Company Private Limited, Nepal लाई बिक्री गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

(ग) **विविध:**
विविध शिर्षक अर्न्तगत छलफल तथा निर्णय गर्नु पर्ने कुनै प्रस्ताव नभएको हुँदा सो शिर्षकमा कुनै निर्णय भएन ।

(छ) **सभा विसर्जन:**
साधारण सभाको निर्धारित विषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको हुँदा कम्पनी सचिवले २७औं वार्षिक साधारण सभा अन्त्य भएको घोषणा गर्दै सभा विसर्जनको लागि अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले कम्पनीको २७औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउने सबै शेयरधनीहरु, संचालक समितिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु, तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्वद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुले संचालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै २७औं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो । सो साधारण सभा दिनको १.०० बजे विसर्जन भएको थियो ।

(हरि ब.बुढाथोकी)
कम्पनी सचिव

(पद्म ज्योति)
अध्यक्ष

**अनुसूची १**
**बुटवल पावर कम्पनी लि.**
**प्रवन्धपत्र संशोधनको तीन महले विशेष प्रस्ताव (पारित मिति २०७६।९।२४)**

| हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| ५. कम्पनीको शेयर पूँजी:<br>(ख) कम्पनीको जारी पूँजी रु. २,४४,०५,५५,४०० (दुई अरव चौवालिस करोड पाँच लाख पचपन्न हजार चार सय रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका २,४४,०५,५५४ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ। | ५. कम्पनीको शेयर पूँजी:<br>(ख) कम्पनीको जारी पूँजी रु. २,६८,३८,८१,८०० (दुई अरव अठ्साठी करोड अठ्तिस लाख एकासी हजार आठ सय रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका २,६८,३८,८१८ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ। | बोनस शेयर जारी गर्नका लागि पूँजी बृद्धि गर्न वान्छनीय भएको। |

अनुसूची २
बुटवल पावर कम्पनी लि.

प्रवन्धपत्रमा संशोधन (पारित मिति २०७६।९।२४)

१. **प्रवन्धपत्रको दफा ५(ख) लाई संशोधन गरी देहाय वमोजिम दफा ५(ख) राख्ने:**

"५ कम्पनीको शेयरपूँजी:

(ख) कम्पनीको जारी पूँजी रु. २,६८,३८,८१,८०० (दुई अरव अठ्साठी करोड अठ्तिस लाख एकासी हजार आठ सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १०० का दरका २,६८,३८,८१८ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ ।"